मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

Purwanchal National Daily

◆ वर्ष : २७ ◆ अङ्क : १८२ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७९ जेठ ६ गते शुक्रबार (Friday, May 20. 2022) नेपाल सम्वत् ११४२ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

**डढेलो नियन्त्रण गरौं, वातावरण जोगाऔं ।**

**डढेलोले,**
- वनमात्र नभई जैविक विविधता र सम्पदा पनि नष्ट गर्दछ,
- वातावरणीय प्रदुषण बढाउँछ,
- बाढीपहिरो तथा भू-क्षय बढाउँछ,
- पानीको मूल सुकाउँछ,

त्यसैले, वन पैदावारको संकलन तथा खेती किसानी गर्दा आगोको प्रयोग गर्दा सावधानी अपनाऔं ।

**नेपाल सरकार विज्ञापन बोर्ड**

# भद्रपुर र झापामा कांग्रेस बिजयी

## कांग्रेस र राप्रपाले रच्यो भद्रपुरमा इतिहास



गणेश पोखरेल
प्रमुख



राधा कार्की
उपप्रमुख

**पार्थ मण्डल**

**भद्रपुर, जेठ ५।** भद्रपुर नगरपालिकाको प्रमुख पदमा जितेर नेपाली कांग्रेस इतिहास कोर्न सफल भएको छ। नेकपा (माओवादी केन्द्र) र नेकपा (एकीकृत समाजवादी) सँग चुनावी गठबन्धन गरेर कांग्रेसले यसपटकको स्थानीय तहको निर्वाचनमा इतिहास रच्न सफल भएको हो। कांग्रेसले भद्रपुरको मेयरसहित चार वडा अध्यक्ष र आठ सदस्य जितेको छ।

मेयरमा कांग्रेसका युवा नेता गणेश पोखरेल निर्वाचित भएका छन्। पोखरेलले नेकपा (एमाले) का असारु राजवंशी र राप्रपाका नवराज पनेरुलाई पराजित गर्दै भद्रपुरमा कांग्रेसको इतिहास कोर्न सफल भएका हुन्। पोखरेलले १२ हजार ५२५ मत ल्याउँदा राजवंशीले ९ हजार ७५९ मत र पनेरुले ६ हजार ३१० मत ल्याएका छन्।

एमालेको लालकिल्ला तोड्दै कांग्रेसले प्रमुख पदमा इतिहास कोर्न सफल भएपनि एमालेले तीन वडा अध्यक्षसहित २६ वडा सदस्य जितेको छ। नगरको ५२ पदमध्ये २९ पदमा जित्दै एमालेले बहुमत भने कायम राखेको छ।

त्यस्तै गठबन्धनका तर्फबाट उपमेयरमा उम्मेदवार दिएका माओवादीका शिवकुमार राजभण्डारी अन्ततः पराजित भएका छन्। नगरमा माओवादीले इतिहास रच्ने योजनालाई राप्रपाकी महिला उम्मेदवार राधा कार्कीले असफल बनाइदिइन। राजभण्डारीसँगै एमालेकी कौशिल्या अधिकारीलाई पराजित गर्दै कार्कीले उपमेयरमा जितिन्। कार्कीले ९ हजार २३० मत ल्याउँदा राजभण्डारीले ८ हजार ५३३ र अधिकारीले ८ हजार ४०३ मत ल्याएकी छिन्। उपमेयर जितेसँगै राप्रपाले भद्रपुरमा इतिहास रचेको छ। राप्रपाले उपमेयरसहित दुई वडा अध्यक्ष र पाँच सदस्य जितेको छ। नगरको अन्तिम मत परिणामले माओवादी केन्द्र चौथो दल बन्न पुग्यो। माओवादीले एउटा वडा अध्यक्ष र एउटा सदस्य मात्र जितेको छ।

अब नगरपालिकामा चार दलबाट निर्वाचित जनप्रतिनिधिहरूले नेतृत्व गर्ने भएका छन्। अघिल्लो निर्वाचनमा तीन दल मात्र थिए। चार दलले समग्र भद्रपुरको विकास कसरी गर्ने हो नगरका मतदाता प्रतीक्षामा छन्।

**मेयरमा निर्वाचित को हुन् गणेश पोखरेल ?**

विक्रम संवत् २०३१ साल पुस ८ गते जीवनाथ पोखरेल र सुभद्रादेवी पोखरेलको ज्येष्ठ सुपुत्रको रुपमा जन्मेका गणेश पोखरेल सरल स्वभाव र मिलनसार व्यक्ति हुन्। साबिक पृथ्वीनगर गाविस -६ हाल भद्रपुर नगरपालिका- ८ का बासिन्दा पोखरेलको बाल्यकाल पृथ्वीनगरमै बितेको हो। उनले कक्षा ५ सम्मको प्रारम्भिक शिक्षा सीता प्रावि पृथ्वीनगर र कक्षा ६ देखि ७ सम्मको पढाइ सरस्वती माविबाट पूरा गरे। त्यसपछि उनी भद्रपुर आए। कक्षा ८ देखि १० सम्मको पढाइ वीरेन्द्र मावि चन्द्रगढीबाट उनले पूरा गरे।

उच्च शिक्षाका लागि मेची बहुमुखी क्याम्पस भद्रपुरमा भर्ना भएका उनी नेविसंघमा आबद्ध भई राजनीति क्षेत्रमा

(बाँकी अन्तिम पृष्ठमा)

## झापा बन्यो कांग्रेस किल्ला



जयनारायण शाह
अध्यक्ष

अञ्जुदेवी थपलिया
उपाध्यक्ष

**बिर्तामोड, जेठ ५।** झापा गाउँपालिकामा अध्यक्ष र उपाध्यक्ष दुवै पद नेपाली कांग्रेसले जित हासिल गरेको छ।

गाउँपालिका अध्यक्षमा दोस्रो कार्यकालका लागि जय नारायण शाहले र उपाध्यक्षमा अञ्जुदेवी थपलियाले जित हासिल गरेका हुन्।

गाउँपालिकामा निर्वाचित शाहले ६७९८ मत प्राप्त गरे। उनका निकटतम् प्रतिष्पर्धी नेपाल कम्युनिष्ट पार्टी (एमाले) का गौरीशंकर राजवंशीले ४३६५ मत प्राप्त गरे।

यता उपाध्यक्ष पदमा निर्वाचित थपलियाले ५८६८ मत प्राप्त गरिन्। उनका निकटतम् प्रतिष्पर्धी नेपाल कम्युनिष्ट पार्टी (एमाले) का उम्मेद्वार देवीमाया अधिकारीले ४३७१ मत प्राप्त गरिन्।

मुलुक संघीयतामा गएसंगै २०७४ सालमा पहिलोपटक भएको स्थानीय तहको निर्वाचनमा समेत झापा गाउँपालिकामा अध्यक्ष पदमा नेपाली कांग्रेसका तर्फबाट शाहले नै जित हासिल गरेका थिए। तर, उपाध्यक्ष पदमा नेपाल कम्युनिष्ट पार्टी (एमाले)बाट कुन्तादेवी वुढाथोकीले जित हासिल गरेका थिए।

यसपटक भएको निर्वाचनमा दुवै पद नेपाली कांग्रेसले जित हासिल गरेको हो। सात वटा वडा रहेको यो पालिकामा ५ वटा वडामा वडाध्यक्ष

(बाँकी अन्तिम पृष्ठमा)

**सुश्रुत आयुर्वेदमा विशेष डाक्टर आउने बारेको सूचना**

**डा. जितेन्द्र मण्डल**
MS (AY) IMS, BHU, Selsi (India)
Consultant Surgeon of proctologist, Specialist No. 5

यही मिति २०७९ साल जेठ ६ र ७ गते पाइल्स फिस्टुला रोग विशेषज्ञ डाक्टर राष्ट्रिय आयुर्वेद अनुसन्धान केन्द्र किर्तीपुर (काठमाडौं) बाट आउँदैहुनुहुन्छ। दिसा गर्दा दुख्ने, पोल्ने, मासु पलाएको, पिलो जस्तो घाउ आएको, रगत बग्ने र मलद्वार चिलाउने जस्ता विरामीले यथाशीध्र तलको ठेगानामा सम्पर्क राख्नुहोला। नोटः फोनबाट पनि नाम टिपाउन सक्नुहुनेछ।

सम्पर्कः **सुश्रुत आयुर्वेद अस्पताल प्रा.लि.**
काँकरभिट्टा रोड, बोलबम पेट्रोलपम्पसँगै, बिर्तामोड, झापा
फोन नं. ०२३-५४१३११, ९८५२६८८९८६

**VACANCY ANNOUNCEMENT**

Aims Educational Academyoffer unique features of learning with a great emphasis on core value and dedicated for holistic development of students invites applications from self - motivated. competent professional for the following position:

| SN | Subject | Level | Nos. |
|---|---|---|---|
| 1 | Computer Science | Lower Secondary | 1 |
| 2 | English | Primary | 1 |

Interested and aspiring candidates can drop their application along with (CV) Copiesof credentials by 10th of Jestha at the school admiration during office hours

Contact: 9852674269/9816032166

----------
Principal

**हाडजोर्नी तथा नशा रोगको सफल उपचार**

**सस्तो, भरपर्दो र गुणस्तरीय फिजियोथेरापी सेवा अब बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर बिर्तामोडमा**

प्यारालाइसिस, सम्पूर्ण हाडजोर्नी, नशाको समस्या कुमजाम भएको, नशा चेपिएको डिस्क प्रोल्याप्स, बाथ, युरिक एसिड साथै अन्य सबै रोगको अष्टाङ्ग फार्मेसीबाट औषधि र उपचार दैनिक।

**बस्नको सुविधासहित फोन नं. ९८०६०००३१३, ०२३-५९०१६६, दैनिक ओपीडीमा डा. विनय प्रधान, डा. भगवान शाह र अन्य काठमाडौंबाट आउनुहुने डाक्टरबाट पनि जाँच सेवा। *दैनिक छारसूत्र विधिद्वारा पायल्सको सफल उपचार गरिन्छ।***

# सौन्दर्य प्रतियोगिताको नाममा ६ महिनासम्म बलात्कार !

**काठमाडौं, जेठ ५।** सौन्दर्य प्रतियोगिताका नाममा एक किशोरीलाई योजनावद्ध ढंगले ६ महिनासम्म बलात्कार गरेको घटना सार्वजनिक भएको छ।

घटना आठ वर्ष अघिको भए पनि किशोरीले टिकटक भिडियोमार्फत भर्खरै सार्वजनिक गरेपछि भाइरल बनेको घटनाका दोषीलाई कार्वाही हुनुपर्ने आवाज उठेको छ। सन् २०१४ मा भएको सौन्दर्य प्रतियोगितामा सहभागी एक किशोरीले आफूमाथि जबरजस्ती करणी भएको खुलासा गरेकी छन्। बुधबार सामाजिक सञ्जाल टिकटकमा २० वटा भिडियो क्लिप सार्वजनिक गर्दै उनले आफूलाई कार्यक्रमका आयोजकमध्येका एक व्यक्तिले जबरजस्ती करणी गरेको खुलाएकी हुन्।

प्रतियोगितामा दोस्रो भएकी उनले कार्यक्रमपछि 'सक्सेस पार्टी'का लागि भन्दै एभरेष्ट होटलमा बोलाएर आफूमाथि हिंसा भएको खुलाएकी छन्। 'कार्यक्रम सकिएपछि उनले एक दिन कल गरेर सक्सेस पार्टी छ, रेडी भएर आउनू भनेका थिए'- पीडितले भनेकी छन्- 'म उनले बोलाए अनुसार होटलमा जाँदा अरु कोही देखिनँ, अरु खोई त भनेर सोद्धा उनले तिमी धेरै चाँडो आयौ पार्टी ६-७ बजेदेखि छ भनेका थिएँ।'

केहीबेरपछि होटलका कर्मचारीले आफूलाई 'लेमनेड' दिएको उनले बताएकी छन्। तर त्यो खाएको १०-१५ मिनेटमा आफू लड्िएको उनको भनाइ छ। 'त्यसपछि मैले त्यो व्यक्तिलाई म

## गोदाममा करणी

**मोरङ, जेठ ५।** १४ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा बिराटनगर महानगरपालिका-१६ बस्ने २१ वर्षीय सुरज साहलाई बिहीबार बिहान प्रहरीले पक्राउ गरेको छ।

सुरजले ती बालिकालाई सोही महानगरपालिका-१६ स्थित बिराटनगर जुटमिलको गोदाम घरमा जबरजस्ती करणी गरी फरार भएका थिए।

## उधारोमा पेट्रोल ल्याइँदै

**झापा, जेठ ५।** अन्तर्राष्ट्रिय बजारमा पेट्रोलियम पदार्थको मूल्य व्यापक रूपमा बढेसँगै नेपाल आयल निगमले पछिल्लो सात-आठ वर्षमा पहिलो पटक इन्डियन आयल कर्पोरेशन (आईओसी) लाई आपूर्तिको पूर्ण रूपमा

(बाँकी अन्तिम पृष्ठमा)

**शिक्षक आवश्यकता**

बिर्तामोड-८, देउनियास्थित यस सेन्ट जेभियर्स स्कूल, देउनिया स्कूलको लागि निम्न पदका लागि शिक्षक आवश्यक भएकाले योग्यता पुगेका व्यक्तिबाट दरखास्त आह्वान गरिन्छ।

| पद | विज्ञान |
|---|---|
| संख्या | १ |
| योग्यता | विज्ञान विषयमा स्नातक तह उत्तीर्ण |
| अनुभव | सोही विषयमा कम्तिमा २ वर्ष अनुभव भएको |

**योग्यता पुगेका इच्छुक व्यक्तिले यही २०७९ साल ज्येष्ठ ०८ गतेभित्र आफ्नो शैक्षिक योग्यता र अनुभवको प्रमाणपत्रको प्रतिलिपिको साथमा निवेदन दिन हुन आह्वान गरिन्छ।**

**अन्तरवार्ता : २०७९/०२/१० गते (१०:०० बजे)**

**सेन्ट जेभियर्स स्कूल**
देउनिया, बिर्तामोड-८, झापा
फोन नं. ०२३-४५५०७१, ९८२६९२५७२२, ९७४५२४३१६६
इमेलः stxavierdeonia@gmail.com

**TAKSHASHILA EDUCATION FOUNDATION**
Harkalal Marga, Ghantibari, Birtamode-6, Jhapa

**ADMISSION NOTICE**

Registration for New Admission 2079 for classes
**PLAY GROUP TO GRADE 8** is in progress.

**• ENROL NOW •**

TAKSHASHILA EDUCATION FOUNDATION

Forms are available at school office on all working days
(Sunday through Friday) between 10: 00 a.m. to 4:00 p.m.

For futher details contact the school admission desk:
Phones: 023-543211, 023-542020, 9841457199

**एक्सेल डेभलपमेन्ट बैंक लि.**
**Excel Development Bank Ltd.**
... तपाईंको स्थानीय साझेदार (Your Local Partner)
नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्रप्राप्त संस्था (पाँच जिल्ला कार्य क्षेत्र भएको)
केन्द्रीय कार्यालय, मुक्तिचोक, बिर्तामोड, झापा
फोन नं ०२३-५४३५६४, ५४३७१४, ५४४०१०, Email: info@edb.com.np | URL: www.edb.com.np

**ऋण/कर्जा चूक्ता/भूक्तान गर्ने बारे ३५ दिने सूचना**

**(प्रकाशित मितिः वि.सं. २०७९।०२।०६)**

तपसिलमा उल्लेखित ऋणीले यस बैंकबाट विभिन्न ऋण/कर्जा शिर्षक अन्तर्गत उपभोग गर्दै आएको ऋण/कर्जा बापत बैंकलाई समय समयमा तिर्नु बुझाउनुपर्ने साँवा, व्याज तथा अन्य दैदस्तुर नबूझाई बैंकसँग गरेको ऋण/कर्जा सम्बन्धी शर्तहरुको उल्लंघन गरेको र पटक/पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत बेवास्ता गरेकाले ऋणी, जमानतकर्ता एवं ऋणी फर्म/कम्पनीका प्रोप्राइटर/साझेदार/संस्थापक/सञ्चालक लगायत ऋण कर्जासँग सम्बन्धित सबैलाई ऋण/कर्जा चुक्ता भुक्तान गर्नु/गराउनु हुन यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

यो सूचना प्रकाशित मितिले ३५ (पैंत्तिस) दिनभित्र यस बैंक/सम्बन्धित शाखामा सम्पर्क राखी बैंकबाट लिएको ऋण कर्जाको बुझाउनुपर्ने सम्पूर्ण साँवा, व्याज र अन्य दैस्तूर चुक्ता भुक्तान गर्नु/गराउनु होला। अन्यथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी ऋणी, व्यक्तिगत जमानीकर्ताहरु एवं ऋणी फर्म/कम्पनीका प्रोप्राइटर/साझेदार/संस्थापक/संचालक लगायत ऋण/कर्जासँग सम्बद्ध सबै पक्षलाई कर्जा सूचना केन्द्र लिमिटेडको कालो सूचिमा नाम समावेश गर्न लेखि पढाई कर्जाको सुरक्षण स्वरुप बैंकलाई दिएको चल/अचल सम्पत्ति जे-जस्तो अवस्थामा छ सोही अवस्थामा लिलामविक्री गरी बैंकको सम्पूर्ण लेना रकम असूल उपर गर्ने तर्फ आवश्यक कार वाही अघि बढाइने व्यहोरा सूचित गरिन्छ। साथै, धितो सूरक्षणको लिलामबिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलामबिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असूल उपर नभएमा असूल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणी र व्यक्तिगत जमानतकर्ताहरुको घर -घरानाबाट असुली गर्ने तर्फ कानूनी प्रक्रिया अगाडि बढाइने व्यहोरा समेत सूचित गरिन्छ।

तपसिल

| क्र.सं | ऋणी र व्यक्तिगत जमानतकर्ताको नाम थर तथा तिन पुस्ते बिवरण | कर्जा शिर्षक | ऋणी/ ऋणी फर्मको प्रोप्राइटर/साझेदार/संचालक एवं जमानतकर्ताको फोटो | धितो सुरक्षणको विवरण |
|---|---|---|---|---|
| १. | **ऋणी/धितो जमानतकर्ता:** चैतन्य प्रसाद संग्रौलाकी नातिनी, प्रेम प्रसाद संग्रौलाकी छोरी, देवी प्रसाद पोखरेलकी श्रीमती, मोरङ जिल्ला दर्वेशा गा.वि.स. वडा नं. ९ स्थायी ठेगाना भई हाल झापा जिल्ला बिर्तामोड न.पा.वडा नं. ४ बस्ने मिति २०४४/०८/१३ मा जिल्ला प्रशासन कार्यालय मोरङ बाट जारी गरिएको ना.प्र.नं. ८०४५ भएको बर्ष ५३ की **श्रीमती शुशिला कुमारी संग्रौला।**<br><br>**व्यक्तिगत जमानी कर्ता : देवी प्रसाद पोखरेल**<br>बाबु : केन्द्र प्रसाद पोखरेल<br>बाजे : टंकनाथ पोखरेल<br>ठेगानाः झापा जिल्ला अर्जुनधारा गा.वि.स. वडा नं. ४ स्थायी ठेगाना भई हाल बिर्तामोड न.पा.४ पुरानो भद्रपुर रोड<br><br>**व्यक्तिगत जमानी कर्ता : निश्चल पोखरेल**<br>बाबु : देवी प्रसाद पोखरेल<br>बाजे : केन्द्र प्रसाद पोखरेल<br>ठेगानाः झापा जिल्ला अर्जुनधारा गा.वि.स. वडा नं. ४ स्थायी ठेगाना भई हाल बिर्तामोड न.पा.४ पुरानो भद्रपुर रोड | **व्यक्तिगत आवाश कर्जा** | <br>शुशिला कुमारी संग्रौला<br><br>देवी प्रसाद पोखरेल<br><br>निश्चल पोखरेल | **शुशिला कुमारी संग्रौला** को नाममा मा.पो.का., भद्रपूर, झापामा दर्ता कायम रहेको झापा जिल्ला, अनारमनी गा.वि.स., वडा नं. २ स्थित कि.नं. ३२९० को क्षेत्रफल व.मि. १६९.३१ (अक्षरमा एक सय उनन्सत्तरी दशमलव एकतिस वर्गमिटर) को जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत। |

# बिर्तामोड ४ मा एमालेको प्यानलै बिजयी



**बिर्तामोड, जेठ ५।** नेकपा एमालेका तर्फबाट बिर्तामोड नगरपालिका वडा नम्वर ४ मा राहुल शर्मा वडाध्यक्षमा निर्वाचित भएका छन् । उनीसँगै नेकपा एमालेको प्यानलै निर्वाचित भएको हो । शर्माले १८१३ मत ल्याएका छन् भने कांग्रेसका उम्मेद्वार कुलप्रसाद संग्रौलाले १७२० मत प्राप्त गरेका छन् ।

वडा नं. ४ को महिला सदस्यमा रमादेवी राजवंशी, दलित महिला सदस्यमा निर्मलादेवी सुनुवार, खुल्ला सदस्यहरुमा उमेश राउत र केशव कुमार श्रेष्ठ निर्वाचित भएका छन् ।

# किशोरीले पुरुषको यौनांग जस्तो विरुवाको फूल टिपेपछि ...

**बिर्तामोड, जेठ ५।** तीन जना किशोरीले पुरुषको यौनांग जस्तो विरुवाको फूल टिपेको भिडियो भाइरल भएपछि कम्बोडिया सरकारले यो लोप हुने डरले सर्वसाधारणलाई त्यस्ता गतिविधिमा संलग्न नहुन चेतावनी दिएको छ । पुरुषको यौनांग जस्तो देखिने नेपेन्थिस होल्डेनी सामान्यतया पश्चिमी कम्बोडियाको पहाडी क्षेत्रमा पाइन्छ ।

बिरुवाहरू कम पोषकतत्वयुक्त माटोमा हुर्किन्छन् । अमृत र मीठो सुगन्धमार्फत किरालाई आकर्षित गर्ने यो विरुवालाई 'मांसाहारी' पनि भनिन्छ ।

एउटा फेसबुक पोस्टमा वातावरण मन्त्रालयले भाइरल भिडियोप्रति संकेत गर्दै लेखेको छ, 'उनीहरूले जे गरिरहेका छन् त्यो गलत हो र भविष्यमा फेरि नगर्नुहोस । प्राकृतिक स्रोतहरू माया गर्नुभएकोमा धन्यवाद । तर, विरुवा नचुडाल्नुहोस, नत्र भने त्यो मासिन्छ ।'

भिडियोमा कम्बोडियाको कम्पोट प्रान्तको बोकोर पहाडमा तीन जना





महिलाले लोपोन्मुख फूल टिप्दै गरेको देखाइएको छ । हालैका वर्षहरूमा स्थानीय र पर्यटकहरूले बढ्दो दरमा रमाइला लाग्ने यस्ता वनस्पतिहरू टिप्ने र सामाजिक सञ्जालमा पोस्ट गर्न सेल्फी खिचिरहेका छन् ।

निजी जग्गामा कृषि विस्तार र संरक्षित क्षेत्रमा पर्यटन उद्योगको वृद्धिका कारण कम्बोडियामा मांसाहारी बिरुवाहरूको प्राकृतिक बासस्थान घटेको साइन्स डेलीले कम्बोडियन जर्नल अफ नेचुरल हिस्ट्रीमा २०२१ को अध्ययनलाई उद्धृत गर्दै रिपोर्ट गरेको छ ।

रमाइलोको लागि विरुवा टिप्दा त्यसको अस्तित्व समाप्त हुने वातावरणविद्हरूले चेतावनी दिँदै आएका छन् ।*(एजेन्सी)*

## सौन्दर्य .......

घर जान चाहन्छु, मलाई असहज महसुस भयो भनेकी थिएँ'- उनले भनिन्- 'तर उनले तिमी विजेता भएर यस्तो भन्ने ? मिडिया अनि अरुले के सोच्छ भन्दै बस्न दबाब दिए ।'

आफूलाई यौन हिंसा गर्ने व्यक्तिले 'केटीहरुले धेरै पिउन सक्छन्, समस्या हुनसक्छ भनेर राख्नलाई रुम लिएको' बताएको र त्यहाँ आराम गर्न भनेको उनले भनेकी छन् । 'गएर रेस्ट गर, सबै आएपछि उठाउन बोलाउँछु भनेको थियो,'- उनले भनेकी छन्,- 'तर म बेहोसीमा थिएँ, मैले उसले जबरजस्ती करणी गरिरहेको थाहा पाएँ । त्यो एकदमै दु:खदायी थियो ।' उनले बिहान साढे ४-५ बजे होस खुल्दा आफू र ती व्यक्तिलाई नग्न अवस्थामा पाएको बताएकी छन् ।

त्यहाँ आफू एकदमै रोइरहेका बेला ती व्यक्तिले आफ्नो झोलामा २० हजार हालिदिएर उल्टै 'तँलाईं पैसा चाहिएको थियो, त्यसैले तैंले भने अनुसार नै सबै भएको' भन्दै धम्क्याएको उनले बताएकी छन् । 'मैले त्यतिबेला मलाई के भयो भनेर विश्वासै गर्न सकेको थिइनँ, किनकि, म जत्तिको मान्छे पनि बलात्कृत हुन्छु होला भनेर मैले कल्पनै गरेको थिइनँ- उनले भनेकी छन् ।

त्यतिबेला उनले आफ्नो नग्न तस्वीर र भिडियो खिचेको र कसैलाई घटनाबारे बताए सार्वजनिक गरिदिने भन्दै धम्की दिएको उनले भनेकी छन् । 'उसले अनलाइनमा साथी छ, त्यहाँ निकालिदिन्छु भनेको थियो,'- उनले भनेकी छन्,- 'त्यहाँ मैले लुगा लगाएँ, ब्याग लिएँ । उसैले ट्याक्सी बोलाइदिएको थियो ।' धम्कीका कारण आफूले घटनाबारे कसैलाई भन्न नसकेको उनले बताएकी छन् । र, ६ महिनासम्म आफूमाथि पटकपटक बलात्कार भएको उनले बताएकी छन् ।

'६ महिनासम्म जतिबेला उसलाई चाहिन्थ्यो, उसले कल गरिरहन्थ्यो'- उनले भनेकी छन्- 'यो अवधिमा म एकदमै ट्रमाटाइज्ड भएको थिएँ, मैले केही सोच्नै सकिरहेको थिइनँ ।' यही घटनाको कारण आफू लामो समयसम्म डिप्रेसनमा गएको पनि उनले बताएकी छन् ।

पीडितले विगतमा आफूले प्रहरीमा जानेबारे आफ्नो केही साथीलाई बताएको भए पनि सामाजिक प्रतिष्ठामा आँच आउने भन्दै साथ नदिएकाले नसकेको बताएकी छन् । हाल उनले सामाजिक सञ्जालमा घटनाबारे सार्वजनिक गरेपछि धेरैले नेपाल प्रहरीलाई मेन्सन गर्दै दोषीमाथि कारबाहीको माग गरेका छन् ।

तर नेपाल प्रहरीका प्रवक्ता एसएसपी विष्णुकुमार केसी चाहिँ पीडितले प्रहरी कार्यालयमा उजुरी नदिएसम्म अनुसन्धान गर्ने आधार नहुने बताउँछन् ।

'यो घटना हाम्रो नोटिसमा छ, तर सामाजिक सञ्जालभन्दा पनि अड्डा, अदालत वा प्रहरीको दायरामा नआउञ्जेल अनुसन्धानमा जटिलता हुन्छ,' -उनले भने, -'प्रहरीकहाँ उजुरी आए, त्यसको प्रकृति हेरेर अनुसन्धान हुन्छ ।'

**पूर्वमिस नेपाल मालिभकाले सामाजिक सञ्जालमार्फत माफी मागेकी छन्**

सामाजिक सञ्जाल टिकटकमार्फत पीडितले आफूमाथि बलात्कार भएको विषयमा सुब्बालाई भन्दा वेवास्ता गरेको आरोप लगाएकी थिइन्। पीडितको कुरापछि सामाजिक सञ्जालमा सुब्बामाथि धेरैले नकारात्मक प्रतिक्रिया दिएपछि उनले फेसबुकमा लामो पोष्ट लेख्दै माफी मागेकी छन् ।

सामाजिक सञ्जालमा सुब्बाले पीडितलाई सम्बोधन गर्दै लेखेकी छन्- 'म माफी माग्न चाहान्छु, मलाई राम्रोसँग याद छैन, उनीमाथि भएको के थियो भनेर तर मलाई याद छ तिमीले मलाई फोन गरेकी थियौ र कुरा गर्न खोजेकी थियौ तर त्यो समयमा तिमीलाई सहयोग गर्न सकिँन । जुन समयमा तिमीलाई मेरो आवश्यकता थियो ।'

उनले लेखेकी छन्, 'यो माफी दिन योग्य छैन र मैले तिमीबाट यो आशा पनि गरेकी छैन । म माफी माग्न चाहान्छु त्यो समयमा मैले तिमीलाई राम्रोसँग सुनिँन र विश्वास गरिँन र सहयोग पनि गरिँन ।

## उधारोमा...

भुक्तानी गर्न नसकेको अधिकारीहरूले बताएका छन् ।

आयल निगमले प्रत्येक १५ दिनमा आईओसीलाई रकम भुक्तानी गर्ने गरेको छ । गत मे ९ (वैशाख २६) मा निगमले झन्डै २५ अर्ब रुपैयाँ तिर्नुपर्ने थियो । तर रकमको अभाव भएपछि निगमले झन्डै १२ अर्ब रुपैयाँ मात्र भुक्तानी गर्न सकेको र बाँकी १२ अर्ब ८० करोड रुपैयाँ तिर्न नसकेको निगमका अधिकारीहरूले बताएका छन् ।

नेपालमा किन ८४ रुपैयाँमा किनिएको पेट्रोललाई उपभोक्ताले १४२ रुपैयाँ तिर्नुपरेको छ । योभन्दा अगाडि निगमको आर्थिक अवस्था यस्तो कमजोर थिएन । हामी नियमित रूपमा किस्ता तिरिरहेका थियौं "निगमका प्रवक्ता विनितमणि उपाध्यायले भने । निगमले आगामी साता आईओसीलाई झन्डै १८ अर्ब रुपैयाँ तिर्नुपर्ने छ । यसअघिको बक्यौता समेत जोड्दा झन्डै ३१ अर्ब रुपैयाँ तिर्नुपर्ने हुन्छ । त्यसमध्ये इन्धनको विक्रीवितरण गरेर १० अर्ब रुपैयाँसम्म बजारबाट उठ्ने आकलन निगमको छ ।

"पूरै रकम जोहो गर्न नसक्ने भएकोले हामीले सरकारसँग अनुरोध गरिरहेका छौं-उपाध्यायले भने । उनका अनुसार विगतमा निगमले समयमै रकम भुक्तानी गर्न नसक्दा आईओसीले तेल आपूर्ति नै घटाइदिएको थियो। पछि सरकारी तहबाट अनुरोध गरिएपछि मात्रै अवस्था सुधार भएको थियो ।

अहिले तत्कालमा ऊ ( आईओसी)बाट त्यस्तो केही प्रतिक्रिया त पाइएको छैन । अब भोलि के हुन्छ अहिले मैले भन्न केही सक्दिनँ- उनले भने ।

## कांग्रेस......

सक्रिय भएर लागे । सोही बेला उनी नेपाली कांग्रेसको क्रियाशील सदस्य बने । नेपाल विद्यार्थी संघ मेची क्याम्पस इकाई उपसभापति हुँदै क्याम्पसको स्ववियु निर्वाचनबाट दुईपटक २०५५ र २०५७ मा सभापतिमा निर्वाचित भए । स्नातक उत्तीर्ण गरेका उनी त्यसपछि नेविसंघको केन्द्रीय सदस्य भए ।

उनी कांग्रेस झापा क्षेत्र नम्बर -३ को क्षेत्रीय सचिव हुँदै तीन कार्यकाल क्षेत्रीय सभापति बने । अहिले पनि उनी क्षेत्रीय सभापति हुन् । उनी निरन्तर पार्टीको काम कारबाहीमा लागेका छन् । पार्टीसँगै उनी विभिन्न सङ्घसंस्थामा पनि आबद्ध छन् । उनी भद्रपुर जेसीजको पूर्व अध्यक्ष, नेपाल रेडक्रस सोसाइटीको आजीवन सदस्य, नेपाल परिवार नियोजन संघ, नेपाल अपाङ्ग संघमा लगायत आधा दर्जन भन्दा बढी सामाजिक तथा परोपकारी संघसंस्थामा आबद्ध छन् । उनी व्यापार-व्यवसाय तथा कुनै रोजगारी नगरी राजनीतिमार्फत समाज सेवा गर्दै समाजलाई सकारात्मक रुपमा रूपान्तरण गर्नु पर्छ भन्नेमा क्रियाशील रहेका छन् । उनले राजनीतिलाई प्रयोग गरेर अहिलेसम्म कहिल्यै लाभको पद लिएका थिएनन् ।

**कांग्रेस र राप्रपाले रच्यो इतिहास**

लोकतन्त्र र गणतन्त्र जारी भएपछि जनताले नयाँ संविधान पाए । संविधान पाए लगत्तै २०७४ सालमा स्थानीय तहको निर्वाचन भयो । त्यस बेलाको निर्वाचनमा कांग्रेस भद्रपुरमा इतिहास रच्न असफल भएको थियो ।

२००७ सालको परिवर्तन र प्रजातन्त्रपछि वि.सं. २००८ सालमा स्थापना भएको भद्रपुर नगरपालिकामा २०७४ सालसम्म कांग्रेसका कुनै व्यक्ति प्रमुख पदमा जितेको इतिहास छैन ।

यो नगरपालिकामा २०३८/०३९ सालमा चन्द्रगढी र महेशपुर गाविसका केही वडाहरूलाई एकीकृत गरी १५ वडामा विभाजन गरिएको थियो । २०७१ मा साबिक चन्द्रगढी र महेशपुर गाविसलाई गाभेर पूरै भद्रपुर नगरपालिका बन्यो । २०७३ को स्थानीय तहको पुनर्संरचना प्रक्रियामा साबिक भद्रपुर नगरपालिका र पृथ्वीनगर गाविस मिलाएर १० वडामा विभाजन गरी भद्रपुर नगरपालिका बनाइयो । वृहत् नगरपालिका हुनु भन्दा अघि २००८-२०१४ सालमा नगरको सभापति सत्यनारायण अग्रवाल थिए । २०१४-२०१८ सालसम्म पदमबहादुर गिरी सभापति भए । २०१७ सालको 'कु' पछि राजा महेन्द्रले पञ्चायती व्यवस्था लागू गर्दै गाउँ, नगर र जिल्ला पञ्चायतको अवधारणा कार्यान्वयनमा ल्याए । २०१८-२०१९ सालसम्म मोहनलाल अग्रवाल भद्रपुरको सभापति भए । त्यसपछि राजाले पञ्चायती व्यवस्था अनुसार स्थानीय निर्वाचन गराए । २०१९-२०२१ सालसम्म नगरको प्रधानपञ्च तुलसीप्रसाद आचार्य भए । २०२१-२०२३ सालसम्म डा. ऋषिकेश उपाध्याय प्रधानपञ्चको जिम्मेवारीमा रहे । २०२३-२०२६ स्वयम्भूलाल श्रेष्ठ प्रधानपञ्च र चेतनाथ शर्मा उप-प्रधानपञ्च भए । २०२६-२०२९ सालसम्म डा. ऋषिकेश उपाध्याय प्रधानपञ्च र चेतनाथ शर्मा उप-प्रधानपञ्च भए । २०२९ माघ र फागुनमा ओमप्रकाश सरावगी प्रधानपञ्च भए । सरावगीमाथि मुद्दा लागेपछि उप-प्रधानपञ्च रामचन्द्र शर्माले २०२९ देखि २०३३ सम्म कार्यवाहक प्रधानपञ्च भएर चलाए । २०३४-२०३९ सालसम्म भक्तिमान देवान प्रधानपञ्च र ओमप्रकाश सरावगी उप-प्रधानपञ्च भए । २०३९-२०४४ सालसम्म ओमप्रकाश सरावगी प्रधानपञ्च र गोविन्दचन्द्र क्षेत्री उप-प्रधानपञ्चमा निर्वाचित भए । ओमप्रकाश सरावगी फेरि २०४५-२०४७ सालसम्म प्रधानपञ्च र भक्त खवास उप-प्रधानपञ्च भए । त्यसबेला कुनै दलबाट उम्मेदवारी दिन पाइँदैन थियो । दलमा लागेका व्यक्तिहरू पनि जनपक्षीयको तर्फबाट उम्मेदवार बन्ने व्यवस्था थियो । २०४७ सालको परिवर्तनपछि २०४९ सालमा स्थानीय निकायको निर्वाचन भयो ।

त्यस निर्वाचनमा राजनीतिक दलहरू खुलेर चुनावी मैदानमा उत्रिए । त्यसबेला कांग्रेसबाट मेयरमा जीतबहादुर पुरी र छविलाल रिजाल उपमेयरमा उठेका थिए । उनीहरूलाई पराजित गर्दै मेयरमा एमालेका पुष्पराज पोखरेल र उपमेयरमा सद्भावना पार्टीका भारतेन्दुकुमार मल्लिक विजयी भए ।

२०५४ सालको स्थानीय निर्वाचनमा कांग्रेसबाट मेयरमा ओमप्रकाश सरावगी र उपमेयरमा राजेन्द्रप्रसाद घिमिरे उठेका थिए । उनीहरूलाई पराजित गर्दै सद्भावना पार्टीका भारतेन्दुकमार मल्लिक मेयरमा र उपमेयरमा एमालेका जीवनकुमार श्रेष्ठ विजयी भए । त्यसपछि पूर्व राजा ज्ञानेन्द्र शाहले सत्ता हातमा लिँदै स्थानीय निकायको निर्वाचन गराउँदा २०६०/०६१मा सालमा नगरको मेयरमा भारतेन्दुकमार मल्लिक र उपमेयरमा गोपाल धमला स्वतन्त्रबाट विजयी भए । उनीहरूले छोटो समय मात्र नगर चलाउन पाए ।

त्यसलगतै २०६२/०६३ को दोस्रो जनआन्दोलन भयो । जनताले राजतन्त्र फाल्दै देशमा लोकतन्त्र र गणतन्त्र स्थापना गरे । त्यसपछि एकै पटक २०७४ सालमा पहिलो चरणको स्थानीय तह सदस्य निर्वाचन भयो । त्यो निर्वाचनमा पनि कांग्रेसले नगरमा हार बेहोर्‍यो । कांग्रेसबाट मेयरमा गणेश पोखरेल र उपमेयरमा तारादेवी भुर्तेल उठेका थिए । कांग्रेसका उम्मेदवारलाई पराजित गर्दै मेयरमा एमालेका जीवनकुमार श्रेष्ठ र उपमेयरमा चन्द्रामाया श्रेष्ठ विजयी भएका थिए । अहिलेको निर्वाचनमा गठबन्धनसँग मिलेर कांग्रेसले एमालेको लालकिल्ला तोड्दै मेयर जित्दै इतिहास रचेको छ, भने राप्रपा पनि एक्लै चुनाव लडेर उपमेयर जितेर इतिहास रच्न सफल भएको छ ।

सिटौलाको वडामा एमालेको बर्चश्व

नेपाली कांग्रेस शीर्ष नेता कृष्णप्रसाद सिटौलाको वडामा नेपाल कम्युनिष्ट पार्टी (एमाले)ले बर्चश्व कायम गरेको छ । भद्रपुर नगरपालिका १० मा नेपाल कम्युनिष्ट पार्टी एमालेले वडाध्यक्ष सहित प्यानलै जित हासिल गरेको छ । यो वडा पूर्व उपप्रधान तथा नेपाली कांग्रेसका पूर्व महामन्त्री सिटौलाको वडा हो । उनले यही वडामा कलवल गुढी मतदान केन्द्रबाट मतदान गरेका थिए । तर, यो वडामा नेकपा (एमाले)का टेकबहादुर खड्कासहितको प्यान लै निर्वाचित भएको छ ।

वडाध्यक्षमा निर्वाचित खड्काले १४८० मत प्राप्त गर्दा निकटतम प्रतिस्पर्धी नेपाली कांग्रेसका विष्णु प्रसाद काफ्लेले ११७१ मत मात्र ल्याउन सफल भए ।

त्यस्तै राप्रपाका खेमराज भट्टराई ७०६, राष्ट्रिय जनमुक्ति पार्टीका धाक्रु राजवंशी ३६ र जसपाका निर बहादुर राई २७ मत ल्याएका छन् । वडा सदस्यमा एमालेका तुलसी पोखेल १४८८, दुर्गा प्रसाद दाहाल १३०४, संगीता ढकाल १४६४ र कमला आछामी १५०३ मत ल्याएर निर्वाचित भएका छन् । २०७४ सालको स्थानीय निर्वाचनमा पनि सिटौलाको वडामा एमालेको प्यानल निर्वाचित भएको थियो ।

**भद्रपुर नगरपालिका**

गणेश पोखरेल - प्रमुख - नेपाली कांग्रेस
राधा कार्की उपप्रमुख - राष्ट्रिय प्रजातन्त्र पार्टी

**वडा नम्वर १**

रामपसाद अधिकारी - वडाध्यक्ष - नेकपा एमाले
टिकाप्रसाद भण्डारी- खुल्ला सदस्य -नेकपा एमाले
दिलबहादुर लिम्बू - खुल्ला सदस्य - नेकपा एमाले
सीताकुमारी गुरुङ महिला सदस्य - नेकपा एमाले
अम्विका विश्वकर्मा - दलित महिला सदस्य-नेकपा एमाले

**वडा नम्वर २**

रामबहादुर कँडेल - वडाध्यक्ष - नेपाली कांग्रेस
द्रोणप्रसाद कोइराला - खुल्ला सदस्य - नेकपा एमाले
लीलादास निरौला - खुल्ला सदस्य - नेकपा एमाले
ममता लिम्बू - महिला सदस्य - नेकपा एमाले
देविका बसेल-दलित महिला सदस्य - नेकपा एमाले

**वडा नम्वर ३**

हेमबहादुर कार्की - वडाध्यक्ष - राप्रपा
पूर्णमाया सुब्बा लिम्बू - खुल्ला सदस्य - राप्रपा
मुदीलाल गणेश - खुल्ला सदस्य - राप्रपा
वुवामाया थापा पुलामी - महिला सदस्य - राप्रपा
शोभा दर्जी - दलित महिला सदस्य - राप्रपा

**वडा नम्वर ४**

हंशधर राजवंशी - वडाध्यक्ष - माओवादी केन्द्र
माधवप्रसाद अधिकारी- खुल्ला सदस्य - नेकपा एमाल
अर्जुन वानिया - खुल्ला सदस्य - नेकपा एमाले
सविता पूरी - महिला सदस्य - माओवादी केन्द्र
सावित्रा विश्वकर्मा -दलित महिला सदस्य -नेकपा एमाले

**वडा नम्वर ५**

बन्धु कार्की - वडाध्यक्ष - नेपाली कांग्रेस
नारद राजवंशी खुल्ला सदस्य नेपाली कांग्रेस
जेष्ठमल ठाकुर- खुल्ला सदस्य - राप्रपा
ललिता ठाकुर - महिला सदस्य - नेपाली कांग्रेस
मञ्जुदेवी अघोरी-दलित महिला सदस्य -नेपाली कांग्रेस

**वडा नम्वर ६**

रतिया राजवंशी - वडाध्यक्ष नेपाली कांग्रेस
यदुनन्दन साह रौनियार -खुल्ला सदस्य-नेपाली कांग्रेस
प्रकाश शर्मा - खुल्ला सदस्य - नेकपा एमाले
शन्याकुमारी डंगोल - महिला सदस्य - नेकपा एमाले
रेखादेवी साफी-मलित महिला सदस्य -नेपाली कांग्रेस

**वडा नम्वर ७**

अभिषेक ढुंगाना - वडाध्यक्ष - राप्रपा
कुपितनारायण राजवंशी -खुल्ला सदस्य -नेकपा एमाले
केदारप्रसाद निरौला - खुल्ला सदस्य - नेकपा एमाले
सीतादेवी ढकाल - महिला सदस्य - नेकपा एमाले
विभा पासवान-दलित महिला सदस्य - नेकपा एमाले

**वडा नम्वर ८**

गौरव सुब्बा - वडाध्यक्ष - नेपाली कांग्रेस
मिमलाल राजवंशी खुल्ला सदस्य - नेपाली कांग्रेस
तुलाराम राजवंशी - खुल्ला सदस्य - नेकपा एमाले
भगवती बस्नेत - महिला सदस्य - नेपाली कांग्रेस
लक्ष्मी परियार-दलित महिला सदस्य - नेपाली कांग्रेस

**वडा नम्वर ९**

रामप्रसाद दाहाल - वडाध्यक्ष - नेकपा एमाले
मञ्जु दाहाल पोखरेल- खुल्ला सदस्य - नेकपा एमाले
प्रकाश राजवंशी - खुल्ला सदस्य - नेकपा एमाले
मञ्जु खड्का -महिला सदस्य - नेकपा एमाले
शर्मिला दमाई - दलित महिला सदस्य-नेकपा एमाले

**वडा नम्वर १०**

टेकबहादुर खड्का - वडाध्यक्ष - नेकपा एमाले
तुलसी पोखरेल - खुल्ला सदस्य - नेकपा एमाले
दुर्गाप्रसाद दाहाल - खुल्ला सदस्य - नेकपा एमाले
संगीता ढकाल - महिला सदस्य - नेकपा एमाले
कमला आछामी-दलित महिला सदस्य -नेकपा एमाले

## झापा.....

समेत नेपाली कांग्रेसले नै जित हासिल गरेको छ । दुई वटा वडामा भने स्वतन्त्र उम्मेद्वारले जित हासिल गरेका हुन् ।

नेपाली कांग्रेसले टिकट नदिएपछि स्वतन्त्र उम्मेद्वारी दर्ता गराउँदै वडा नम्वर -३ मा सुभाषलाल गणेशले वडाध्यक्ष जिते । त्यस्तै वडा नम्वर ५ मा कृष्णप्रसाद राजवंशीले वडाध्यक्षमा जित हासिल गरे ।

झापा गाउँपालिका वडा नम्वर -१ मा नेपाली कांग्रेसका तर्फबाट राजकुमार यादव दोस्रो कार्याकालका लागि वडाध्यक्षमा निर्वाचित बने । त्यस्तै वडा नम्वर -२ मा नेपाली कांग्रेसका तर्फबाट हिमालकुमार चम्लागाँई, ३ मा स्वतन्त्र उम्मेद्वार सुभाषलाल गणेश, ४ मा नेपाली कांग्रेसका महमद ताहिर, ५ मा स्वतन्त्र उम्मेद्वार कृष्णप्रसाद राजवंशी, ६ मा नेपाली कांग्रेसकातर्फबाट नवीनकिशोर थापा र वडा नम्वर ७ मा शखीचन्द्र ठाकुर निर्वाचित भए ।

**थेवेको गाउँपालिका झापामा नेपाली कांग्रेसको दवदवा**

नेपाली कांग्रेसका जिल्ला सभापति देउकुमार थेवेको गृह पालिका हो - झापा । थेवेको बसाइ कनकाई नगरपालिकामा रहेपनि उनको मतदाता नामावली भने झापा गाउँपालिकाको वडा नम्वर -१ मा छ । उनले त्यही वडामा रहेको सितुमारी प्रावि गएर मतदान गरे । मतदानसँगै उनले वडाध्यक्ष पदमा दोस्रो कार्यकालका लागि राजकुमार यादवलाई निर्वाचित गराए नै गाउँपालिका अध्यक्ष जयनारायण शाहलाई समेत दोस्रो कार्यकालका लागि अध्यक्ष पदमा निर्वाचित गराएका छन् ।

अघिल्लो निर्वाचनमा नेपाल कम्युनिष्ट पार्टी (एमाले) ले उपाध्यक्ष सहित चार वडा जितेपनि यो पटक अध्यक्ष र उपाध्यक्ष सहित पाँच वटा वडामा नेपाली कांग्रेसले जित हासिल गरेको छ ।

नेकपा एमालेले यो पालिकामा एउटा पनि वडाध्यक्ष जित्न सकेन । अघिल्लो निर्वाचनमा उपाध्यक्ष पदमा कुन्तादेवी वुढाथोकी सहित २, ४, ६ र ७ नम्वर नेकपा एमालेले जित हासिल गरेको थियो । अध्यक्ष सहित १ र ३ नम्वर वडा नेपाली कांग्रेसले जितेपनि ५ नम्वर वडामा स्वतन्त्र उम्मेद्वारले जित हासिल गरेका थिए ।

नेपाली कांग्रेसको गढका रुपमा चिनिने झापामा २०४९- २०५४ सालसम्म कुमरखोद गाविसको वडाध्यक्षको रुपमा थेवेले काम गरेका थिए । त्यस यता झापामा निरन्तर नेपाली कांग्रेसले जित हासिल गर्दै आएको छ ।

नेपाली कांग्रेस बाहेकका अन्य कुनैपनि दलले पालिका अध्यक्ष, उपाध्यक्ष र वडाध्यक्ष नजित्ने झापाको यो नै एक मात्र पालिका बनेको छ ।

**झापा गाउँपालिका**

जयनारायण शाह - अध्यक्ष - नेपाली कांग्रेस
अञ्जुदेवी थपलिया - उपाध्यक्ष - नेपाली कांग्रेस

**वडा नं. १**

राजकुमार यादव - वडाध्यक्ष - नेपाली कांग्रेस
कमलबहादुर लिम्बू - खुल्ला सदस्य - नेपाली कांग्रेस
रुपलाल गणेश - खुल्ला सदस्य - नेपाली कांग्रेस
अस्मेरी खातुन - महिला सदस्य - नेपाली कांग्रेस
हरिमाया गदराज कामी -दलित महिला सदस्य -नेपाली कांग्रेस

**वडा नम्वर २**

हिमालकुमार चम्लागाँई - वडाध्यक्ष - नेपाली कांग्रेस
मोहनकुमार राजवंशी - खुल्ला सदस्य - नेपाली कांग्रेस
राजकुमार काहार - खुल्ला सदस्य - नेपाली कांग्रेस
कविता सोरेन महिला सदस्य - नेपाली कांग्रेस
बादलीदेवी परियार- दलित महिला सदस्य - नेपाली कांग्रेस

**वडा नम्वर ३**

सुवाशलाल गणेश - वडाध्यक्ष - स्वतन्त्र
कुमार राई - खुल्ला सदस्य - नेकपा एमाले
अब्दुल रसिद -खुल्ला सदस्य - नेकपा एमाले
तारा सुवेदी वराल-महिला सदस्य -नेकपा एमाले
सुमित्रा विश्वकर्मा - दलित महिला सदस्य - नेकपा एमाले

**वडा नम्वर ४**

महमद ताहिर- वडाध्यक्ष - नेपाली कांग्रेस
जलाल अली - खुल्ला सदस्य नेकपा एमाले
महमद अमिन शेख मिया - खुल्ला सदस्य - नेकपा एमाले
अनिताकुमारी केसी - महिला सदस्य - - नेपाली कांग्रेस
कलावती हरिजन - दलित महिला सदस्य - नेपाली कांग्रेस

**वडा नम्वर ५**

कृष्णप्रसाद राजवंशी - वडाध्यक्ष - स्वतन्त्र
मोहमद सादेक सेख- खुल्ला सदस्य - नेपाली कांग्रेस
विजयप्रसाद राजवंशी - खुल्ला सदस्य - नेपाली कांग्रेस
लक्ष्मीकुमारी गणेश - महिला सदस्य - नेपाली कांग्रेस
देवकी राजवंशी मंडल - दलित महिला सदस्य - नेपाली कांग्रेस

**वडा नम्वर ६**

नवीनकिशोर थापा वडाध्यक्ष - नेपाली कांग्रेस
फणिन्द्रप्रसाद खरेल - खुल्ला सदस्य-नेकपा एमाले
सोमनाथ प्रसाई - खुल्ला सदस्य - नेकपा एमाले
हेमा राई - महिला सदस्य -नेकपा एमाले
तारादेवी विश्वकर्मा-दलित महिला सदस्य-नेकपा एमाले

**वडा नम्वर ७**

सखीचन्द्र ठाकुर - वडाध्यक्ष - नेपाली कांग्रेस
प्रेमप्रसाद गणेश-खुल्ला सदस्य - नेपाली कांग्रेस
बालकृष्ण सिटौला- खुल्ला सदस्य - नेपाली कांग्रेस
तुलसा कार्की - महिला सदस्य - नेकपा एमाले
सरिता कामी - दलित महिला सदस्य-नेपाली कांग्रेस

**सच्याइएको**

पूर्वाञ्चल दैनिकको हिजो ०७९ जेठ ५ गते विहीवारको प्रथम पृष्ठको झापामा पार्टीका किल्ला कतै ढले, कतै बढे शीर्षकको समाचारमा कचनकवलका नवनिर्वाचित अध्यक्ष कालेन्द्रप्रसाद सिंह (राजवंशी)को तस्वीर हुनु पर्ने ठाउँमा भूलवस अर्कै तस्वीर पर्न गएकाले क्षमा याचनासहित सच्याइएको छ । सं.



श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१)
■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८४२६९६११२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com



पूर्वाञ्चल

सम्पादकीय

# फोहर संकलनको नमूना प्रयास

**निर्वाचनको ज्वरो मत्थर हुँदै गएको छ । देशभरका स्थानीय तहमध्ये एक तिहाईभन्दा बढीको मतपरिणाम सार्वजनिक भइसकेका कारण निर्वाचन र त्यसको तापक्रम क्रमशः ओरालो लाग्न थालेको हो । निर्वाचन कै कारण बढेको प्रदुषणले मानव स्वास्थ्यमा पार्ने प्रतिकूल असरको अनुमान मात्रै गर्न सकिन्छ, दृश्यमा मतदान केन्द्रदेखि मतगणना स्थलसम्म उत्सर्जित फोहरको डंगुर छ । निर्वाचनका समय चौबीसै घण्टा जस्तो बज्ने चर्को ध्वनिसहितका माइक, जुलुस र प्रदर्शनले धुलो, धुँवा, ध्वनि, जल, जमिन र हावामा पारेको प्रतिकूलता प्रतिरोधी क्षमता कम भएका व्यक्तिहरुमा क्रमशः देखिने छ । बहुदलीय प्रजातन्त्र हुँदै संसदीय लोकतन्त्रको अभ्यासमा रहेका बेला यस्ता विषयहरु सरोकार राख्नेहरुको प्राथमिकता, चिन्ता र चासोमा पर्दैपर्दैनन् ।**

**प्रदुषण बढाउन शहर–बजार क्षेत्रको प्रमुख भूमिका रहन्छ । तर, त्यही क्षेत्रमा आफूद्वारा उत्सर्जन गरिएको फोहर व्यवस्थापन गर्ने चेत हुँदैन । ज्यादै थोरैमा मात्र जिम्मेवारी बोध हुन्छ, जस्तो कि धरान उपमहानगरपालिकाका एक उम्मेदवारले नैतिक जिम्मेवारी निर्वाह गरेको देख्न पाइयो । सरसफाई सभ्यताको परिचायक हो । व्यक्तिको अन्तरक्षमता वा गुण उसको व्यवहारमा प्रकट हुन्छ भनिन्छ । यस हिसाबले पनि हामीकहाँ त्यस्तो चेत आउन अझै निक्कै समय लाग्ने अनुमान गर्न सकिन्छ । झापाका मतदान केन्द्र तथा मत गणना भइरहेका स्थलहरुमा थुप्रिएको प्लाष्टिकजन्य फोहरले सौन्दर्यसँगै प्रदुषण बढाइरहेका बेला अर्जुनधारा–११ का एक युवा फोहर संकलन तथा व्यवस्थापनमा लागेको सुखद् समाचार छ ।**


**अर्जुनधारा–११ का गणेश ढुंगाना अहिले पहुँच भएसम्मका मत गणना स्थल पुगेर त्यहाँ विसर्जित फोहर संकलन गर्दैछन् । पूर्व माओवादी लडाकु ढुंगाना यसअघिदेखि नै फोहर संकलनको माध्यमबाट समाजसेवामा सक्रिय छन् । उनी संकलन गरिएका वस्तुहरु बिक्री गरेर त्यसबाट आएको नगद असहाय, दृष्टिविहीनका लागि आवास भवन बनाउन सहयोग गर्ने सोचमा छन् । यसअघि पनि फोहर संकलन गर्ने कार्यबाटै चर्चामा आएका ढुंगाना अहिले निर्वाचनजन्य फोहर जम्मा गरेर पर्यावरण स्वच्छ राख्ने तथा सहयोगापेक्षीहरुलाई सकेको सहयोग गर्न इच्छुक छन् । एउटा व्यक्तिले वातावरणीय सन्तुलन राख्न, प्रकृति माथिको अतिक्रमण रोक्न र पुनः प्रयोग गर्न सकिने वस्तुको उचित व्यवस्थापन गर्न गरेको प्रयास सह्राहनीय मात्र होइन अनुकरणीय पनि छ । उनको एकल अभियानमा समाजको समेत हातेमालो हुनसक्यो भने पृथ्वीको सौन्दर्य, प्राणी जगतको स्वास्थ्य र पर्यावरणीय स्वच्छता कायम राख्न सहयोग पुग्ने थियो ।**

सामाजिक सञ्जाल

निर्वाचन आयोग चिप्ले किरो झैं घोप्टो परेर घिस्रिँदै मतगणना गर्दैछ । गणनाको सुस्ततासँगै मुलुकमा यावत कुरा ठप्प छन् । गणना लम्बिँदा तनाव, कलह र हिंसाको खतरा छ । गणना स्थल थपेर गति तीव्र गर्न आयोगलाई केले रोक्या हो ? अकर्मण्यताले ? आलस्य-प्रेमले ? नालायकीको कीर्तिमान कायम गर्ने लालसाले ?

**– खगेन्द्र संग्रौला**





जग्गा जमिन जोडेर खेती किसानी, गरेका बाबा आमालाई गरिबीमा गनियो, त्यही सम्पत्ति बेचेर छोरा गाडी चढ्यो, धनीमा गनियो ।


**– सन्ध्या आचार्य**

हारेर पनि जीन्दगीका धेरै खुशी, जित्ने विश्वासमा दौडिँदैछ अझै एउटा मान्छे ।

**– पेशल पोखरेल**



# भोट, भ्वाइस र भोक



**तुल खड्का**

मुलुक एकात्मक शासन व्यवस्थाको अल्झनबाट संघीय शासन प्रणालीमा पदार्पण भएको आधा दशकको इनिङ सकिएको छ । अर्को इनिङका लागि स्थानीय तह निर्वाचन ६४ प्रतिशत मतदानसँगै सकिएको छ । झडप, कुटाइ र मतदान स्थगित लगायतका घटनाले सामाजिक सञ्जाल तरंगीत बन्यो । घटना परिघटना न्युजपोर्टलको शीर्ष बने । लोकतन्त्रको पूर्व शर्त, कानूनको शासनको सूचतक तथा संविधानवादनको अन्तर्निहित तत्वको रूपमा रहेको आवधिक निर्वाचन स्वच्छ, स्वतन्त्र र निश्पक्ष रूपले सम्पन्न हुनेपर्ने मान्यता राखिन्छ । लोकतन्त्रको वैभ नै डर, धाकधम्की र भयरहित तरिकाले आफ्नो अभिमत जाहेर गर्न पाउनु हो ।

लोकतान्त्रिक पद्धति अवलम्बन गरेका मुलुकमा प्राप्त अधिकारको विवेकसम्वत् प्रयोग गर्ने र अरुको अधिकारलाई सम्मान गर्नुपर्ने दायित्व आमजनताको काँधमा थपिएको हुन्छ । एकले दायित्व निर्वाह नगर्दा अर्को व्यक्तिले हकमा हनन् हुन जान्छ । आघात पर्न जान्छ । विश्वको आइसिटीको चकमक्क इन्द्रेणीमा रंगिएको छ । हामी सट्टामा मतहाल्ने विषयमा विवाद गरेर मतदान स्थगित गर्दैछौं । यसले हाम्रो स्तरको प्रतिनिधित्व गरेको छ । ई-डेमोक्रेसी, ई-गभर्नेन्स र डिजिटल प्लेटफर्मको विराट युगमा भएर हस्तलिखित युगको निरन्तरताको विवशतामा बाँच्न बाध्य छौं ।

लोकतन्त्रको गहनाको रूपमा आवधिक निर्वाचन मार्फत नाम नागरिकले विकासको भोक, समृद्धिको भोक, प्रगतिको भोकको भोकाई मेटाउन भ्वाइस र भोट मार्फत शासकीय संरचनामा नयाँ नेतृत्व चयन गर्दछन् । जसले शासकीयवृत्तमा नयाँ रक्तसञ्चार गर्ने काम गर्दछ । मतदाताले आफ्ना प्रतिनिधिले विगतमा गरेको कार्यको प्रभावकारी रूपमा समिक्षा गर्दै उत्कुष्ट भए पुनर्निर्वाचिति गरेर पुरस्कृत गर्दछन् । निकृष्ट भए हराएर दण्डित गर्दछन् । त्यति मात्र होइन विगतको वर्षको समिक्षा र आगामी वर्षको रोडम्याप अर्थात् आगामी कार्यदिशाको कार्यभार समेत सुम्पिन्छन् । फरक दलको प्रतिनिधित्व गरेर निर्वाचन प्रक्रियामा सहभागी भएको भएता पनि तिनीहरूको अन्तिम उद्देश्य मुलुक तथा जनताको भलो नै हो । सबैको उद्देश्य मुलुकको भलो नै हो भने राजनीतिमा लाजनीति नमिसिनु पर्ने हो ।

लोकतन्त्रको सर्वोत्तम उत्सवको रूपमा रहने आवधिक निर्वाचनमा हुलहुज्ज्त, तोडफोड र हिंसा हुन्छ भन्ने कल्पना गरिँदैन् । यदि हुन्छ भने महरूमा लोकतान्त्रिक मूल्य-मान्यताको शिशु व्यवहार पनि छैन् । लोकतन्त्र अर्केमाथि हुकम चलाउने । शासन गर्ने । दुहाइ दिने । निर्देशन गर्ने व्यवस्था होइन । सम्भावमा, सेवाभावमा र सहभागितमा सञ्चालिन हुन आर्दश अवस्था हो । जहाँ राज्य व्यवस्थामा सबै वर्ग क्षेत्रको पहुँच, सहभागिता र समान अवसरको प्राप्तिको सुनिश्चिता गरिएको हुन्छ ।

लोकतन्त्रमा विचारको शक्ति प्रर्दशन हुनुपर्दछ । राजनीतिक संस्कारको प्रतिस्पर्धा हुनपर्दछ । संस्कार र मूल्यको बल देखिनु पर्दछ । इमानदार र सदाचारिताको नमूना पोखिनु पर्दछ । यस्तो व्यस्थामा भौतिक बलको सहारा खोज्नेहरू विचारमा शून्य, आर्दशमा धुमिल र संस्कारमा जीर्ण हुन्छन् । विचार, आदर्श, संस्कार, जनमुखी अजेण्डा सकिएकाहरूको अन्तिम हतियार भौतिक बल अर्थात् पाखुरीको बल हुन्छ । भौतिक बलको सामर्थ्यमा लोकतन्त्रमा जीउन महंगो पर्दछ । फरक मत, विचार र आर्दशको सम्मान नै लोकतन्त्रको सुन्दर पक्ष हो ।

बहुलविचार, मत र अभिमतलाई सम्मान गर्न सकिएन भने लोकतन्त्रले दिएको अधिकार प्रचलन हुन पाउँदैन । लोकतन्त्रमा मतदातालाई राइट टु रिजेक्ट र राइट टु रिकलको अधिकार हुन्छ । यद्यपि उक्त व्यवस्था हाम्रो कानूनमा छैन । तर, पनि धेरै स्वतन्त्र उम्मेदवारको विजयीलाई राइट टु रिजेक्ट र राइट टु रिकलको अधिकारको रूपमा बुझ्न सकिन्छ । हामी राइट टु रिजेक्टर रिक्लको अधिकार दिन डराइरहेका छौं । किनकि हामीमा लोकतन्त्रप्रतिको भरोसा र विश्वास निकै कम छ ।

बालिग मताधिकार नागरिकको आधारभूत नैर्सगिक अधिकार हो । यस अधिकारको निर्वाचन प्रयोगको सन्दर्भमा राजनीतिक उत्तरदायित्व पूर्णतः पूरा भएन भने राज्यले समेत आफ्नो दायित्व समेत पूरा गर्न नसक्दा विदेशमा बस्ने, झण्ड २५ हजार संख्यामा रहेका कैदीबन्दी तथा कर्मचारी स्वयम्ले बालिग मतदाधिकारको प्रयोग पाएनन् ।

निर्वाचनको दौरानमा हुने हिंसा, झडप र मतदान स्थगित हुने घटना प्रधानतः राजनीतिक उत्तरदायित्वको कमी, कमजोर सुरक्षा र मतदाता शिक्षाको कमजोर उपस्थितिसँग जोडिन्छन् । जब मतदाताले बालिग मतदाधिकारको प्रयोग गर्न सक्दैन वा जान्दैन तब सहारा खोज्छ र सहाराको दुरूपयोग भएकोले कैयौं घटना घटेका छन् । कतिपयट घटना त्यहाँ खटिने कर्मचारी, मतादाता र राजनीतिक दलहरूको इथिक्ससँग जोडिएका पनि छन् । लोकतन्त्रले लोकतान्त्रिक संस्कार, संवैधानिक मोरिलिटी, नैतिक मूल्य तथा सामाजिक मूल्य, राजनीतिक संसकार र प्रतिबद्धता माग गर्दछ । लोकतन्त्र अनुरूपका चरित्र, चिन्तन र चित्र प्रदर्शन गर्नसक्नु पर्दछ ।




आवधिक निर्वाचन कुनै युद्ध मैदान होइन बरु शान्तिको जग र अहिंसाको मूलको रूपमा रहेको हुन्छ । आवधिक निर्वाचन क्रममा मान्छेको जीउज्याम जोखिमा पर्नु, मतपत्र च्यातिनु, तोडफोड हुनु र हुलहुज्जत हुनु शोभनीय होइन । सोचनीय हो । यसले हाम्रो समाज र व्यवस्थको इमेज देखाउँछ ।

जब अपराध र हिंसाका घटना बढ्दै जान्छन् भने समाजमा समस्या छ भन्ने बुझिन्छ । त्यसको लागि कानून मात्र सुधार गरेर हुँदैन । समाजमा सुधार आवश्यक छ । संरचनामा होइन संस्कारमा छ । यस्तो हुनुको पछाडि राजनीति सिकाइयो । राजनीतिक संस्कार सिकाइएन । विचार सिकाइयो । विवेक सिकाइएन् । व्यक्ति चिनाइयो विधि चिनाइएन् । पात्र भनियो पद्धति भनिएन् ।

नागरिकको स्वतन्त्रा, खुशी र सन्तुष्टि नै लोकतन्त्रको अन्तिम उडान हो भने निर्वाचनमा क्रममा जीउज्यान र धनमालको क्षति हुने र स्वतन्त्रताको निर्वाध प्रयोग गर्न नपाउने लोकततन्त्रको बुइँ चडेर समाजवाद उन्मुख मुलुकको गन्तव्यमा कसरी पुगिएला ?

परिवर्तित व्यवस्थालाई प्रभावकारी रूपमा सञ्चालन तथा व्यवस्थापन गर्न सकिएन भने व्यवस्थाप्रतिको वितृष्णमात्र होइन, परिवर्तन प्रतिको भरोसा नै हराउन सक्छ । विधि नरहने व्यवस्थाले दिने प्रतिफल मुलुक र जनताको लागि प्रतिउत्पादक हुन्छ । राष्ट्रको लागि महँगो पर्न जान्छ ।

विकासको बाधक एकात्मक व्यवस्था भनियो, त्यो फालियो । राजा भनियो त्यो नि फालियो । राजतन्त्र भनियो त्यो नि फालियो । अब पनि भएन भने छोड्न बाँकी तिनै राजनीतिक दलहरू मात्र छन् । झुण्ड बनाएर एकअर्काेबीच सधैं भिडाइरहने हो भने एकदिन दलभन्दा स्वतन्त्र उम्मेदवार विजयी हुनेछन् । जनता फरक टेस्टको खोजीमा छन्/हुन्छन् । एउटै तरिकाले फरक नतिजा ननिस्किँदा मतदाता फरक प्रयोग गर्न सक्छन् ।

मुलुक निर्माण हुनु भनेको भौतिक संरचनाको जलपले सिंगारिनु मात्र होइन संवैधानिक तथा सामाजिक नैतिकताले भरिपूर्ण हुनु हो । संस्कारको आर्दशता भेटिनु हो । कानून लोकतान्त्रिक बनाएर मात्र हुँदैन यसको लागि कानून अनुरूपको व्यवहार पनि लोकतान्त्रिक भएर प्रदर्शित हुनपर्दछ । यति भए लोकतन्त्र र अरु तन्त्रबीचको तात्वकि भिन्नता छुटिन्छ । काग र कोहीली रंगमा एउटै हुन्छन्, तर आवाज फरक हुन्छ । त्यसकारण लोकतन्त्र र अरु तन्त्र रूप र सारमा फरक हुनपर्दछ । लोकतन्त्रको आवाज, आत्म र जीवन बचाउन पनि व्यवहार र संस्कारमा भर पर्दछ । सामाजिकता नहुने समाज हुने, संस्कार नहुने संरचना हुने, मूल्य नहुने मानिस, पद्धति नहुने पार्टी भयो भने परिवर्तित व्यस्थाको अनुभव, अनुभूति र आभाष हुँदैन । जस्तोसुकै उत्कृष्ट व्यवस्थाको वकालत गरे पनि उत्कृष्ट व्यवहार भएन भने नागरिकले स्वतन्त्रता, सुरक्षा र स्वच्छताहरण हुन जान्छ ।

लोकतन्त्रका वहाकका रूपमा रहेका राजनीतिज्ञको व्यवहारसँग लोकतन्त्रको जीवन र आत्म जोडिएका हुन्छ । लोकतन्त्रको परम्‌विन्दु नै फरक मत, विचार र दर्शनको सम्मान हो । स्वच्छता र प्रतिस्पर्धालाई स्वागत हो । जहाँ व्यक्तिभन्दा विचार, समाजभन्दा संस्कार, पात्रभन्दा पद्धति प्रधान हुन्छ । भोक नमेटिने, भ्वाइस हराउने र भोट मतपेटिकामा सीमित हुन व्यवस्थाको अब उप्रान्त अन्त्य होस् । भोकको भोकाई मेट्यियो । भ्वाइसको सम्बोधन होस् । भोटको प्रतिनिधित्व होस् । तब पो लोकतन्त्र । अनि पो लोकतान्त्रिक व्यवस्था । *इकागज*

*kc.daart@gmail.com*



# लिङ्देनलाई तर्साउन खोज्दा एमाले झनै कमजोर



**लक्ष्मी काफ्ले**

नेपालको राजनीतिमा के सम्म गरिन्छ भन्ने थाह पाउन एकपटक झापाको दक्षिणी सीमावर्ती गाउँपालिका कचनकवलको मत परिणामलाई हेरौं । पाँच वर्षअघिको स्थानीय तह निर्वाचनमा यहाँ राप्रपाले भरपूर मत सोहोरेको थियो । नेपाल कै होचो ठाउँका रुपमा परिचित कचनकवललाई राप्रपाको उद्गम स्थल भनिन्छ । तर, यसपटक यहाँ एउटा अनौठो गठबन्धन गरेर राप्रपालाई जिल्ल पारियो । यसपटकको चुनावमा देशैभर नमिलेका कांग्रेस-एमाले कचनकवल गाउँपालिकामा भने एकढिक्का भए । उनीहरुको लक्ष्य थियो- जसरी पनि राप्रपालाई हराउने ।

पाँच वर्षअघिको निर्वाचनमा यहाँ राप्रपाले गाउँपालिका अध्यक्ष, उपाध्यक्ष र सातमध्येका तीन वटा वडामा वडाध्यक्ष जितेको थियो । यसपटक भने सबै नतिजा सर्लक्कै उल्टियो । कांग्रेस र एमालेले गठबन्धन गरेर निर्वाचनमा होमिएका थिए । कांग्रेसले यहाँ गाउँपालिका अध्यक्षसहित सबै वडामा उम्मेदवारी दियो । एमालेले गाउँपालिका उपाध्यक्षसहित केही वडामा उम्मेदवारी दियो । राप्रपा र माओवादी केन्द्र भने एक्लाएक्लै भिडे ।

अघिल्लो पटकको निर्वाचनपछि राप्रपामय बनेको कचनकवल कांग्रेस-एमालेको अनौठो गठबन्धनका कारण यसपटक 'निल' हुन पुग्यो । वडा नम्बर-२ की दलित महिला सदस्य अमृता बोगटी गन्धर्व एकमात्र राप्रपाको विजयी अनुहार हुन् । अघिल्लो चुनावमा यहाँ सबै दल एक्ला-एक्लै भिड्दा राप्रपाका अञ्जरा आलमले कांग्रेसका कालेन्द्र राजवंशीलाई चार सय ६३ मतले हराउँदै गाउँपालिका अध्यक्ष पदमा निर्वाचित भएका थिए । एमालेले साथ दिएपछि यसपटक कांग्रेसका तिनै कालेन्द्रले राप्रपाका अञ्जरालाई चार हजार सात सय ९० मतले हराए ।

अघिल्लो चुनावमा सात सय दुई मतान्तरले कांग्रेसकी गीता ओडारी खरेललाई पराजित गरेर गाउँपालिका उपाध्यक्ष बनेकी राप्रपाकी निमसरी राजवंशी यसपटक एमालेका उम्मेदवार नवराज भट्टराईसँग एक हजार तीन सय ४१ मतले हारिन् । कचनकवलमा राप्रपाको दबदबा तोड्नका लागि यसपटक कांग्रेस र एमालेले कुनै कसर बाँकी राखेनन् । राप्रपाका केन्द्रीय अध्यक्ष राजेन्द्र लिङ्देनको निर्वाचन क्षेत्र हो, कचनकवल । यतिबेला लिङ्देन निरन्तर उकालो यात्रामा छन् । राप्रपाको महाधिवेशनमा कमल थापालाई पराजित गर्दै पार्टी अध्यक्ष बनेपछि त उनको ख्याती झनै बढेको छ ।

लिङ्देन राप्रपाको अध्यक्ष बनेको कुरा एमाले अध्यक्ष केपी शर्मा ओलीलाई पटक्कै मन परेको छैन । किनभने ओलीको प्रशंसा गरेर नअघाउने कमल थापालाई महाधिवेशनबाट लिङ्देनले किनारा लगाइदिए । झन केही महिनाअघि नेपाली कांग्रेसको महाधिवेशनमा लिङ्देनले 'जनताले नेताहरुलाई चोर भन्न थालिसके' भनेपछि त ओली थप बिच्किए । उनले लिङ्देनलाई 'भर्खर जन्मिएको बाछो केही दिनसम्म बुरुक् बुरुक् गर्छ' भन्नसम्म भ्याए ।

त्यसयता लिङ्देन-ओली सम्बन्ध झनै चिसिएको सत्य हो । ओलीले लिङ्देनको क्षेत्रमा राप्रपालाई हराउन जे पनि गर्नु भन्ने संकेत दिएपछि कचनकवलमा एमालेले कांग्रससँग गठबन्धन गरेको हो । लिङ्देनलाई तर्साउनका लागि एमालेले उपाध्यक्ष आफूले लिएर अध्यक्ष पद कांग्रेसलाई चढाएको स्थानीयको आँकलन छ । एमालेले केही वडामा उम्मेदवारी त दिएको थियो । तर, नतिजा राम्रो निकाल्न सकेन ।

स्थानीय तहको यो परिणमले संघीय निर्वाचनमा लिङ्देनलाई केही फरक नपार्ने लिङ्देनका समर्थक दाबी गर्छन् । प्रतिनिधिसभा निर्वाचनमा एमाले अध्यक्ष ओलीले लिङ्देनको क्षेत्रमा यसपटक अनौठो पात्रलाई उठाउँदैछन् । प्रचण्डको साथ छाडेर एमाले पसेका मेडिकल व्यवसायी दुर्गा प्रसाईंलाई त्यहाँबाट चुनाव लड्ने लगभग पक्का छ । यस विषयमा छुट्टै समाचार बन्नेछ ।

लिङ्देनको क्षेत्रमा राप्रपा कमजोर भने छैन । राप्रपाले हल्दिबारी गाउँपालिकामा एमालेकै उम्मेदवारलाई नमिठो हार चखाइदिएको छ । हल्दिबारीमा गाउँपालिका अध्यक्ष र उपाध्यक्ष दुबै जितेको राप्रपाले दुईवटा वडामा प्यानलसहित नै जीत निकाल्यो । राप्रपाले बाह्रदशी गाउँपालिकामा एउटा वडाध्यक्ष जित्यो । भद्रपुर नगरपालिकामा वडा नं. ३ र ७ नं. वडामा पनि राप्रपाले विजयी हासिल गरेको छ । भद्रपुरमा समेत राप्रपाले विजयी हासिल गरेको छ । भद्रपुर नगरपालिकाको उपप्रमुखमा राप्रपाले विजयी हासिल गरेको छ । राप्रपाले बिर्तामोड नगरपालिका-८ मा पनि विजयी हासिल गरेको छ ।

# मत गणनास्थल बाहिर फस्टायो व्यापार

**झापा, जेठ ५।** निरु राजवंशी बिहान उज्यालो भएसँगै मेचीनगर नगरपालिकाको बाहिरी ढोका अगाडि पुग्छिन् । अनि शुरु गर्छिन् चिया, नास्ता पकाउन ।

चिया पाक्न नपाउँदै १० देखि २० कप भन्दै ग्राहकको अर्डर शुरु हुन्छ । यसरी उनको दिन बित्ने गरेको छ दिन भयो । मेचीनगर नगरपालिकाको १५ वटै वडाको मतगणना यतिबेला नगरपालिकाको कार्यालयभित्र भइरहेको छ । मत परिणाम सुन्न बसेका दलका कार्यकर्ता राति अबेरसम्म र बिहान उज्यालो नहुँदै आइपुगेर चिया नास्ताको अर्डर शुरु गर्छन् । जिल्लाका पाँच वटा पालिकाको परिणाम आइसके पनि १० पालिकाको गणना जारी छ ।

आफूले मत दिएको पार्टीको परिणाम सुन्न आउने विभिन्न क्षेत्रका मतदातादेखि नेतासम्म गरी दैनिक एक हजार पाँच सयको हाराहारीमा नगरपालिका आसपास क्षेत्रमै हुन्छन् । उनीहरुलाई नै लक्षित गरेर मेचीनगर नगरपालिकाको गेट नजिकै चलिरहेको आधा दर्जन होटलसहित सडकमा चियानास्ता बेच्नेहरुको पसल यतिबेला बढेका छन् । लामो समयदेखि इँटाभट्टा बजार चोकमा आलु र प्याजको पकौडा बेच्दै आएका निरुको अझै एक हप्ता त्यही व्यवसाय फस्टाउने देखिन्छ । 'बजारतिर मान्छे छैनन् । सबै यतै भीड लागेका छन्'- उनी भन्छिन्- 'व्यापार पनि हुने, चुनाव पनि हेर्न पाइने भनेर यतै व्यवसाय शुरु गरेको हुँ । अब भोट गनिसकेपछि पुरानै ठाउँमा फर्किन्छु ।' उनले दैनिक खर्च कटाएर रु. एक हजार पाँच सयभन्दा बढी आम्दानी गर्दै आएको बताइन् ।

निरु जस्तै पालिकाको परिसरमा खुद्रा व्यापार शुरु गर्ने यतिबेला १० जना छन् । सबै पसलका व्यापारीलाई चिया, नास्ता, पापड, पकौडा बनाएर बेच्न भ्याइ-नभ्याइ छ ।

झण्डै एक महिनायता विभिन्न स्थानका चोक बजारमा व्यवसाय चलाउँदै आएका उनीहरुको व्यापार ठप्प थियो । 'आम्दानीसँगै रमिता हेर्न मज्जा आइरहेको छ'- जेठ ३१ गते अपराह्नदेखि मत गणनास्थल परिसरमै पापड, पकौडा बेच्दै आएकी लीली चौधरीले भनिन्- 'बिक्री पनि राम्रो भइरहेको छ, ग्राहकले कुरेर पनि बस्नु पर्दैन । अर्डरको सामान पुऱ्याउनै धौ-धौ छ । उनलाई श्रीमान् र छोरीले पनि साथ दिइरहेका छन् ।

लामो समयदेखि नगरपालिका छेउमै होटल सञ्चालन गर्दै आएका रमेश केसीको दिनमै जस्तो रातमा पनि यतिबेला व्यापार चलेको छ । उनको होटलमा मत परिणाम सुन्न आएका राजनीतिक दलका कार्यकर्ता, उम्मेदवारदेखि पार्टीका नेतासम्मको खाना, खाजा, चिया खानेको भीड लाग्ने गर्छ ।

निर्वाचन अधिकृतले बल्ल १, २ र ३ नं. वडाको नजिता घोषणा गरेका छन् । वडा नं. १ को नजिता निकाल्न ६० घण्टा लगाएको निर्वाचन अधिकृतको कार्यालयले बाँकीमा मने त्यति धेरै नलाएको जनाइए पनि स्थानीय पत्रकार प्रकाश पौडलले जिल्लाका अन्य पालिकाको तुलनामा मेचीनगरमा मतगणना ढिलो भइरहेको हुँदा अझै एक हप्ता लाग्न सक्ने बताए ।

सडक किनारमा पाल टाँगेर व्यापार शुरु गरेका व्यापारी र होटल सञ्चालकको पनि व्यापार-व्यवसाय फस्टाएको छ । ठूला होटलमा भन्दा यतिबेला चिया, नास्ता र पकौडा, पापड बिक्री गर्ने खुद्रा पसलमै ग्राहकको भीड लाग्ने गरेको छ ।

# बन्दी गृहका बालबालिकालाई शैक्षिक सामग्री वितरण



**बिर्तामोड, जेठ ५।** बन्दी सहयता नेपालद्वारा सञ्चालित मनमाया आमा बालगृह तथा जुनकीरी प्रावि अर्जुनधारा-११ का बालबालिकाहरुलाई स्कूल ब्याग, स्टेशनरी तथा खेलकुद सामग्री वितरण गरिएको छ ।

अनम ज्योति बोर्डिङ्ग स्कूल काठमाडौंकी संस्थापक ज्योति केसीले उक्त सामग्री बालबालिकाहरुलाई वितरण गरेकी हुन् आफूले कमाएको केही रकम असहाय बालबालिकाहरुको शिक्षामा खर्च गर्ने इच्छा रहेको र नेपालभरिका ५० जना बालिकाहरुलाई शिक्षामा सहयोग गर्ने गरेको केसीले बताउँदै इन्दिरा राना मगरले बन्दी बालबालिका सम्बन्धी कार्य गरेको देखेर सहयोग गरेको बताइन् ।

कार्यक्रममा बन्दी सहायता नेपालका कार्यक्रम संयोजक अर्पण राना मगर, सुम्निमा राना मगर, अम्बिका गुरुङ्ग लगायतले सहयोगप्रति धन्यवाद दिएका थिएका थिए । विद्यालयमा भएको कार्यक्रममा स्वागत शिक्षक गीता खरेल र सहजीकरण प्रधानाध्यापक रञ्जित परियारले गरेका थिए ।

# फिदिमको प्रमुखमा कांग्रेस, उपप्रमुखमा माओवादी केन्द्र

**पाँचथर, जेठ ५।** पाँचथरको फिदिम नगरपालिकाको प्रमुखमा नेपाली कांग्रेस र उपप्रमुखमा नेकपा (माओवादी केन्द्र) विजयी भएको छ ।

प्रमुखमा कांग्रेसका मित्रप्रसाद काफ्ले र उपप्रमुखमा माओवादी केन्द्रका राधाकृष्ण न्यौपाने विजयी भएका हुन् । काफ्लेले ९८५५ मत प्राप्त गरे । उनले निकटतम् प्रतिद्वन्द्वी नेकपा (एमाले)का पृथ्वी लावतीलाई ६०५ मतान्तरले पराजित गरेका हुन् । लावतीले ९२८० मत प्राप्त गरे ।

प्रमुखमा मङ्गोल नेशनल अर्गनाइजेसनका हरिचन्द्र नेम्वाङले २८८, जनता समाजवादी पार्टीका विष्णुकुमार लावतीले २७४, सङ्घीय लोकतान्त्रिक राष्ट्रिय मञ्चका देउकुमार नेम्वाङले ७७ मत र राष्ट्रिय जनमुक्ति पार्टीका सनम तुम्बापोले २६ मत प्राप्त गरेका थिए ।

त्यस्तै नगर उपप्रमुखमा माओवादी केन्द्रका राधाकृष्ण न्यौपाने ९०३६ मत प्राप्त गरे । उनका निकटतम् प्रतिद्वन्द्वी राष्ट्रिय प्रजातन्त्र पार्टीका जगतप्रसाद थापा मगरले ५६४३ मत प्राप्त गरे । जनता समाजवादी पार्टीकी भावना सुब्बाले ५३५, सङ्घीय लोकतान्त्रिक राष्ट्रिय मञ्चकी सुनिता केरुङले १९५ र नेकपा (माले)की पुण्यमाता घिमिरेले ३४ मत प्राप्त गरेको मुख्य निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ ।



फिदिम नगरपालिकामा कांग्रेस र एमालेबाट समान चार/चार वडाध्यक्ष निर्वाचित भएका छन् । एमालेले वडा नं. १, २, ११ र १२, कांग्रेसले वडा नं. ३, ५, ७ र ९, माओवादी केन्द्रले वडा नं. ८, १३ र १४, राष्ट्रिय प्रजातन्त्र पार्टीले वडा नं. ४ र १० मा जित हासिल गऱ्यो । वडा नं. ६ मा स्वतन्त्र उम्मेदवार विजयी भए ।

# अबैध सुनसहित झापामा एकजना पक्राउ



**बिर्तामोड, जेठ ५।** मेचीनगर नगरपालिका-६ पुरानो मेचीपुल छेउबाट अबैध सुनसहित एकजनालाई प्रहरीले पक्राउ गरेको छ ।

भारतबाट नेपालतर्फ आउँदै गरेका कैलाली घर भई दमक नगरपालिका-२ मा बसोबास गर्दै आएका ३३ बर्षीय धीरेन्द्र जैसीलाई अबैधरुपमा नेपाल भित्र्याउँदै गरेको सुनसहित पक्राउ गरेको हो ।

बिशेष सूचनाको आधारमा इलाका प्रहरी कार्यालय काँकरभिट्टाबाट खटिएको प्रहरी टोलीले शंकास्पदरुपमा पैदल भारतबाट नेपालतर्फ आउँदै गरेका जैसीलाई चेकजाँच गर्ने क्रममा उनको साथबाट ३४९.७०० ग्राम (हालको बजार मूल्य अनुसार २८,८७,१८२.६५) रुपैयाँ बराबरको सुन बरामद गरेको हो ।

सुनसहित पक्राउ परेका जैसीलाई आवश्यक कारवाहीको लागी मेची भन्सार कार्यालय बुझाइएको इलाका प्रहरी कार्यालय काँकरभिट्टाले जनाएको छ ।

# ट्रकको ठक्करबाट एक व्यक्तिको मृत्यु

**बिर्तामोड, जेठ ५।** पूर्व-पश्चिम राजमार्ग अन्तर्गत बिर्तामोडस्थित रामचोकमा ट्रकको ठक्करबाट एक व्यक्तिको मृत्यु भएको छ ।

मृत्यु हुनेमा बिर्तामोड-४ का ५२ वर्षीय टंक काफ्ले रहेको जिल्ला ट्राफिक प्रहरी कार्यालय झापाले जनाएको छ । रामचोकस्थित सडक दक्षिणमा पार्किङ गरिएको ट्रक सडकमा निकाल्ने क्रममा पैदलयात्री काफ्लेलाई ठक्कर दिएको थियो ।

प्रदेश-१-१०-००१ ख ३५९४ नम्बरको ट्रक ब्याक गरेर सडकमा निकाल्ने क्रममा पैदलयात्रीलाई ठक्कर दिएको प्रहरीले जनाएको छ ।

ट्रकको ठक्करबाट गम्भीर घाइते भएका उनको बिर्ता सिटी अस्पताल पुऱ्याउन साथ मृत्यु भएको प्रहरीले जनाएको छ ।

घटनामा संलग्न सवारी प्रहरीको नियन्त्रणमा रहेको जनाइएको छ । पछिल्लो समय रामचोक क्षेत्रमा सवारी दुर्घटना बढेको छ ।


**आवश्यकता**

बिर्तामोडस्थित राम्रोसँग चलिरहेको एक छापाखाना (प्रेस) का लागि कर्मचारीको तु-आवश्यकता ।
पद : कम्प्युटर अपरेटर (ग्राफिक्स डिजाइनर)
तलब : आपसी समझदारीमा
सम्पर्क
९७४५२६४४४४,
९८१३०७११८५, ९७४६८७९७००

**ताप्लेजुङ-पाथीभरा सफल यात्रा**

बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बू, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस् ।



ताप्लेजुङ पाथीभरा काउन्टर
मो. ९८०३२५०४७२/९८०१३६४०९३

**धेरैवटा गाडिबाट छिटो र सस्तो सेवाको लागि हामीलाई सम्झनुहोस**
**हाम्रो सेफ्टी ट्याङ्की तथा ढल सफाई**
सम्पर्क:
9808705206
9863983668
9807930740
9827930240



झट्ट फोन झट्ट सेवा

**ज्योतिष परामर्श सेवा**

के तपाई आफ्नो जन्मकुण्डली (चिना) १२ राशी ९ ग्रह २७ नक्षत्र एवम् वास्तु शास्त्रमा विश्वास गर्नुहुन्छ ? तपाईको जीवनमा घट्ने घटना भाग्य, व्यापार, पढाई, विवाह, सन्तान, वैदेशिक यात्रा, घरमा भएको वास्तु दोष, कलह, क्लेश, बिरामी आदिको निदान उपायविधिद्वारा सम्पूर्ण रुपमा निराकरणको ग्यारेन्टी गर्नुको साथै शुलभ मूल्यमा चिना टिपन बनाइन्छ । अनलाइनबाट पनि जन्म कुन्डली चिना विश्लेषण गरिन्छ । कुन्डली विश्लेषण ९० भन्दा माथिको ग्यारेन्टी दिइन्छ ।
कश्यप पाण्डे बृहस्पति
दिव्य दृष्टि ज्योतिष एवम् वास्तु परामर्श सेवा
शनिश्चरे ट्याक्सी स्टेन भेटवाल मार्केट, बिर्तामोड, झापा
सम्पर्क : ९८२४०४४१६२, ९८६९६०६७८७

**कर्मचारी आवश्यकता**

मार्केटिङ अफिसर: ५ जना
योग्यता: एसईई, +२
तलब: २५०००+५०००
सम्पर्क:
पूर्वेली प्याकेजिङ उद्योग
देवी मावि छेऊ, कन्काई रोड
बिर्तामोड
मो. ९८१७०४६०१२,
९८१७०४६०१५, ९८२५९८५२१७

**पूर्वाञ्चल सेफ्टी ट्यांकी तथा ढल सफाई**, बिर्तामोड-५, झापा

- भ्याकुम सिस्टमबाट सफाई गरिने भएकाले 'नो झञ्झट'
- हाम्रो सेवा हिमाल, पहाड, तराईमै एकैपटक



नारायणप्रसाद बाँस्तोला
९८२५९२७४७७/९८०६०९०७८१
९८४९५०४७७१/९८४२६९५८८४
सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।

**साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई**

झापामै भ्याकुम सिष्टमको ठूलो ट्यांकीमा सफाई गरिने छ ।



सम्पर्क:
९८१४९९३७१२, ९८४२६७७८५५
९८२४९९०४६२, ९७४५२६०८२५


सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।
**झापा सेफ्टी ट्यांकी तथा ढल सफाई**
बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३-५४६००५



दमक सम्पर्क:
देवी सिटौला
९८२४९७९१८५,
९८४२७६०२६५,
९८४२३३२४३०
झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।

**होम डेकोर**

AAROHI
INTERNATIONAL PAINTING & DEVORATIVE PVT. LTD.
HOME DECOR
Interior Homes Decoration Gypsum Cornice



यहाँ सम्पूर्ण कलरबाट गर्ने डिजाइनहरु Arts, 3D Wall Painting, Wall Sticker र Wall Paper अनि तपाईहरुले चाहे जस्तै घरका सम्पूर्ण Painting को काम सुपथ मूल्यमा गरिन्छ । यहाँ घर, पसल, मार्केटहरुमा सम्पूर्ण कलहरुबाट डिजाइन गरिन्छ ।
प्रोप्राइटर : रोशन बानियाँ
पश्चिम बस स्टेण्ड बिर्तामोड, झापा (फोन नं. ९८१८९५४९१३)
नोट : यहाँ कलर पाउनका साथै घर निर्माण पनि गरिन्छ ।

**UAE मा BIKE RIDER हरुलाई रोजगारको अवसर**

कम्पनी : BAKMART CO.
LT No. 212236 चलानी नं. ६०१३२६९७

| सि.नं. | कामदारको पद | माग संख्या | मासिक तलब | काम | खाना/बस्न | करार |
|---|---|---|---|---|---|---|
| १. | Packing Helper | 80 | 800/- AED | ८ घण्टा २६ दिन | छ/छ | २ वर्ष |

नोट: फ्याक्ट्री हेल्परको खाना/बस्नसहित 1200/- AED ग्यारेन्टी गरिन्छ । उमेरको हकमा १८ वर्षदेखि ३८ वर्षसम्मका महानुभावले सम्पर्क गर्नुहोला ।

कम्पनी : PAUSPEELAP CO.


| सि.नं. | कामदारको पद | माग संख्या | मासिक तलब | काम | खाना/बस्न | करार |
|---|---|---|---|---|---|---|
| १. | Bike Rider | 100 | 2200/- DHS | ८ घण्टा २६ दिन | छैन/छ | २ वर्ष |

फाइनल अन्तरवार्ता यही जेठ १० गते मंगलबार बिर्तामोडमा हुनेछ ।
सगुन ओभरसिज सर्भिसेज प्रा. लि. (सगुन होम)
डिल्लीबजार, काठमाडौं (फोन सम्पर्क : ९८०८०७४५९८, ९८०३०७४४३९, ९८५२६७४४३९)

THAKUR POLYCLINIC
यहि जेष्ठ ७ गते, शनिबारका दिन बिहान ८:०० देखि १२:०० बजे सम्म
सहिद गङ्गालाल राष्ट्रिय हृदय केन्द्र काठमाण्डौंका वरिष्ठ मुटुरोग विशेषज्ञ सेवा
अब विर्तामोडमा



डा. रविन्द्र सिमखडा
MD (Internal Medicine)/DM (Cardiology)
के तपाईलाई तलका मध्ये कुनै समस्या भएको छ?
- रक्तचाप बढ्ने
- मुटुको ढुकढुकी बढ्ने
- श्वाश फुल्ने
- ऊकालो चढ्न नसक्ने
- बाथ
- मुटुको बाथ
- छाति दुख्ने
- राति निद्रा नलाग्ने
- मधुमेह
- थाईराईड
- मुटुको चालमा गडबड



अग्रिम बुकिङ्गका लागि सम्पर्क न.
THAKUR POLYCLINIC
Birtamode-1, Jhapa, Nepal
(Opposite of Paschim Bus Stand)
(+977)023-590008
(+977)9817964771

**हाड जोर्नी नसाका बिरामीलाई सुवर्ण अवसर काठमाडौंका बिशेषज्ञ बिर्तामोडमा**

स्पार्क अस्पताल काठमाडौं तथा काठमाडौं न्यूरो अस्पतालका बरिष्ठ डाक्टर अनिलकुमार महतो यही जेठ ७ गते शनिबार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोडमा आउँदै हुनुहुन्छ । आफ्नो समस्या जाँच गराई मौकाको फाइदा लिनुहोस् ।
जाँच हुने समस्याहरु :
- ढाड, कम्मर, गर्दन । घुँडा, जोर्नीहरु दुख्ने, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको
- शरीर झम्झमाउने, लाटो हुने, कुम जाम भएको
- प्यारालाइसिस, मुख बाङ्गिएको

समय : बिहान ८:०० देखि ३:००
स्पार्क पूर्वाञ्चल अस्पताल, कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५३०१२३, ९८५२६७५०३३)




ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क ९८५११५४६९९

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** शुभचिन्तकहरूको सुझाव नमान्दा दुःख पाइनेछ । बन्धुबान्धवबीच आत्मीयतामा कमी आउन सक्छ ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** अवसरले पछ्याए पनि फाइदा उठाउन चुनौतीसँग जुध्नुपर्नेछ । अरूको व्यवहारले शंका उब्जाए पनि मान्यजनको सुझावले फाइदा हुनेछ ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** दिउँसोदेखि स्थितिमा सुधार आउनेछ भने बुद्धिको उपयोगले लक्ष्यमा पुगिनेछ । योजना पूर्ण नभए पनि आंशिक लाभ अवश्य हुनेछ ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** सम्भावना देखिए पनि उपलब्धि हातपार्न धेरै श्रम गर्नुपर्ला । काममा आफ्नो श्रम परे पनि प्रतिफलमाथि अरूले राज गर्नेछन् ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** पहिले दिएको वचनले अप्ठ्यारो पार्न सक्छ । आफन्तहरू टाढिन सक्छन् । साथीभाइसँग सन्तुलित व्यवहार गर्नुहोला ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** अरूका लागि श्रम तथा बुद्धि खर्चनुपर्ला । भूमि तथा पशुधनबाट सामान्य लाभ मिल्नेछ। अरूको मुख ताक्ने बानीले पछि परिनेछ ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -** अवसर प्राप्त भए पनि ठूलाको वचन हार्न नसक्दा दुःख पाइनेछ । बोलीको प्रभावले वादविवाद निम्त्याउने देखिएकाले सजग रहनुपर्ला ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** दिउँसोदेखि आम्दानीका स्रोत बढ्नुका साथै दिगो काममा सम्झौता गर्ने समय छ । बलभन्दा बुद्धिले लक्ष्यमा पुर्याउन सक्छ ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** परिस्थितिवश आफ्नो क्षेत्रमा अरूले प्रभाव जमाउन सक्छन् । केही विवादास्पद जिम्मेवारी वहन गर्नुपर्ला ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** आगन्तुकहरूले अलमल्याउने हुनाले जीवनशैली व्यस्त रहनेछ । खानपानको असावधानीले स्वास्थ्य प्रतिकूल बन्न सक्छ ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** प्रयत्न गर्दा विभिन्न अवसर प्राप्त हुनुका साथै दैनिकीमा परिवर्तन आउनेछ । हिम्मतले काम बनाउन सकिनेछ ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** पछिसम्म लाभ हुने काम प्रारम्भ गर्न सकिनेछ । आजको उपलब्धिले थप उत्साह जगाउनेछ । मिहिनेतले सम्मानित स्थान पनि दिलाउनेछ ।